# आ. व.२०७९/८० को प्रथम महिना (श्रावण) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०७९/८० को श्रावण महिना (प्रथम महिना) को नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा १४.८ प्रतिशतले ह्रास आई रु.१४६.१० अर्वमा झरेको छ। कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः १०.१ प्रतिशत र ८९.९ प्रतिशत रहेको छ। समिक्षा अवधिमा नेपालको कुल निकासी २८.७ प्रतिशतले ह्रास आई रु १४.८१ अर्ब तथा कुल पैठारीमा १२.९ प्रतिशतले ह्रास आई रु. १३१.२९ अर्ब मा झरेको छ। आ.व. २०७८/७९ को श्रावण महिनामा निकासी– पैठारी व्यापारको अनुपात १:७.३ रहेकोमा आ.व. २०७९/८० को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:८.९ रहन आएको छ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा पामतेल, भटमासको तेल, ऊनी गलैंचा, पोलिष्टर तथा अन्य धागो, फलाम तथा फलामका उत्पादनहरु, तयारी पोशाक, जुट तथा जुटका सामानहरु, ऊनी फेल्टका उत्पादन, चिया,, पश्मिना शल, जुस, अलैंची, कपडा, नेपाली हातेकागज, जडीबुटी, चाउचाउ प्रमुख रुपमा रहेका छन्।
समिक्षा अवधिमा पामतेलको निर्यातमा ७३.६० प्रतिशतले बृद्धि भई रु ३ अर्ब ७४ करोड पुगेको छ। समिक्षा अवधिमा भटमासको तेलको निर्यातमा ८२.२४ प्रतिशतले ह्रास आई रु. १ अर्ब ५९ करोड अर्बमा सीमित भएको छ। ऊनी गलैंचाको निर्यातमा समिक्षा अवधिमा १५.१० प्रतिशतले बृद्धि भई रु. ९२ करोड पुगेको छ। समिक्षा अवधिमा पोलिष्टर यार्नको निर्यातमा १९.६१ प्रतिशतले ह्रास आई रु. ८९ करोडमा सीमित भएको छ। फलाम तथा तिनका उत्पादनको निर्यातमा ३८२ प्रतिशतले बृद्धि भई रु ७२ करोड पुग्न गएको छ। जुट तथा जुटका उत्पादनको निर्यातमा समिक्षा अवधिमा १७.३६ प्रतिशतले ह्रास आई रु. ६६ करोडमा सीमित भएको छ।
तयारी पोशाकको निर्यातमा समिक्षा अवधिमा २८.४९ प्रतिशतले बृद्धि भई रु. ७२ करोड पुगेको छ। यसै गरी अर्को प्रमुख निर्यातजन्य ऊनी फेल्टको निकासीमा समिक्षा अवधिमा २८.७९ प्रतिशतले बृद्धि भई रु ६४ करोड पुगेको छ। समिक्षा अवधिमा जुसको निकासीमा ३०.६३ प्रतिशतले ह्रास आई रु. ३२ करोडमा सीमित भएको छ ।
कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समिक्षा ३५.८९ प्रतिशतले ह्रास आई रु २३ करोडमा सीमित हुन पुगेको छ। यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि समिक्षा अवधिमा २४.७० प्रतिशतले बृद्धि भई रु ४१ करोड पुगेको छ।

*समिक्षा अवधिमा भटमासको तेलमा ७ अर्ब ४० करोड बराबरको निकासी मूल्यमा ह्रासअ आएको हुँदा निर्यातमा ह्रासको अवस्था देखिएको हो ।*

*चालु आर्थिक वर्षको प्रथम महिनामा प्रशोधित खाद्य तेल (भटमासको तेल, पामतेल, सुर्यमुखीतेल) को निर्यात नेपालको कुल निर्यातमा ३६.५९ प्रतिशतको हिस्सा ओगट्दै प्रमुख निर्यातजन्य वस्तुका रुपमा देखा परेको छ । यस अवधिमा यी वस्तुहरुको कुल निर्यात रु ५ अर्ब ४२ करोड पुगेको छ । प्रशोधित खाद्य तेलको निर्यात मध्ये पामतेल, भटमासको तेल तथा सूर्यमुखीतेलको निर्यातको हिस्सा नेपालको कुल निर्यातमा क्रमशः: २५.२७ प्रतिशत, १०.७८ र ०.५३ प्रतिशत रहेको छ ।*

नेपालको निकासी व्यापारमा प्रमुख स्थान आगट्ने भारततर्फको निर्यातमा समिक्षा अवधिमा ३६.५ प्रतिशतले ह्रास आई रु १० अर्ब ७१ करोडमा झरेको छ । भारततर्फको निकासीमा ह्रास आउनुमा भारततर्फ हुने भटमासको तेलमा रु.७ अर्ब ४० करोड बराबरको ह्रास आउनु नै प्रमुख कारणका रुपमा रहेको छ ।

नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ८१.२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षका सो हिस्सा ७२.२ प्रतिशत झरेको छ । नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, संयूक्त अधिराज्य, जापान, फ्रान्स, अष्ट्रेलिया, क्यानडा, इटाली, टर्की, डेनमार्क, नेदरलेण्ड्स, क्याम्बोडिया प्रमुख रुपमा रहेका छन् ।

पैठारीतर्फ समग्रमा आ.व. २०७९/८० को प्रथम महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थमा १३.४ प्रतिशतले बृद्धि भई रु. १७.६५ अर्ब पुगेको छ । समिक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा २१.६ प्रतिशतले ह्रास आई रु. १३.०३ अर्ब, मशिनरी तथा पार्ट्समा २३.३ प्रतिशतले ह्रास आई रु. ८.३१ अर्ब, कच्चा भटमास तेलको आयातमा २७.९ प्रतिशतले ह्रास आई रु. ६.०० अर्बमा झरेको छ । समिक्षा अवधिमा औषधीको आयातमा ७१.३ प्रतिशतले बृद्धि भई रु. ५.४७ अर्ब पुगेको छ भने इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा २३.९ प्रतिशतले ह्रास आई रु. ४.६५ अर्बमा सीमित रहेको छ । यातायातका साधन र तिनका पार्टपुर्जामा ५४.२ प्रतिशतले ह्रास आई रु. ४.६४ अर्बमा झरेको छ । कच्चा पाम तेलको आयातमा ७३.४ प्रतिशतले बृद्धि भई रु ४.१६ अर्ब पुगेको छ । अन्नको आयातमा ४६.४ प्रतिशतले ह्रास आई ३.५९ अर्ब, तयारी पोशाकको आयातमा ०.८ प्रतिशतले ह्रास आई २.५५ अर्ब, दुरसञ्चारका सामाग्रीको आयातमा ४१.५ प्रतिशतले ह्रास आई रु ३.५८ अर्बमा झरेको छ । सूनको आयातमा ४१.५ प्रतिशतले ह्रास आई रु २ .५८ अर्बमा झरेको छ ।

नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, इण्डोनेशिया, अर्जेण्टिना, बेल्जियम, युएई, संयुक्त राज्य अमेरिका, ओमान, अष्ट्रेलिया, भियतनाम, सिंगापुर, युक्रेन, ब्राजील, थाइलेण्ड प्रमुख रुपमा रहेका छन् ।

चालु आर्थिक वर्ष २०७९/८० प्रथम महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा  समग्र पैठारीमा ह्रास आउँदा व्यापारघाटामा सुधार भएको छ। यस अवधिमा व्यापारघाटामा १०.४ प्रतिशतले ह्रास आई कुल व्यापारघाटा रु. ११६.४८ अर्वमा झरेको छ।